# रामधुनी नगरपालिका

## आर्थिक सहायता सम्बन्धि कार्यविधि,२०७८

जय प्रकाश चौधरी
नगर प्रमुख
रामधुनी नगरपालिका
प्रमाणीकरण मिति : २०७८/०८/२७

CS CamScanner

# रामधुनी नगरपालिका

## आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७८

प्रस्तावना : रामधुनी नगरपालिका क्षेत्र भित्र रहेका विपन्न तथा गरिबीको रेखा मुनी रहका, दिर्घ रोग लागेका तथा सामाजिक हिसां पिडित व्यक्तिलाई आर्थिक सहायता प्रदान गरी सामाजिक सुरक्षा सुनिश्चित गर्न तथा सामजिक न्याय प्रवद्र्धन गर्न आर्थिक सहायता सम्बन्धि कार्यविधि तयार गर्न वाञ्छनिय भएकोले रामधुनी नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद – १

### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्य विधिको नाम "रामधुनी नगरपालिका आर्थिक सहायता सम्बन्धि कार्यविधि, २०७८ " रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ दलागेमा :-

(क) "नगरपालिका" भन्नाले रामधुनी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) "नगर कार्यपालिका" भन्नाले रामधुनी नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ग) "आर्थिक सहायता पाउन योग्य व्यक्ति" भन्नाले मुटु, मृगौला, फोक्सो, कलेजो लगायतका गम्भिर प्रकृतिका रोग लागेका व्यक्ति, आर्थिक सामाजिक रुपले विपन्न नागरिक तथा बेखर्ची व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ)"आर्थिक सहायता पाउन योग्य संस्था" भन्नाले सामाजिक तथा सांस्कृतिक विकास र प्रवर्द्धनमा लागेका गैर नाफामुलक संस्था वा नागरिकहरुको समिति आदिलाई जनाउने छ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रामधुनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च)"नगरप्रमुख" भन्नाले रामधुनी नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्दछ ।

CamScanner

## परिच्छेद – २

## आर्थिक सहायता सम्बन्धि मापदण्ड

२. निवेदन दिनु पर्ने : (१) यस कार्यविधि अनुसार आर्थिक सहायता पाउने व्यक्ति वा संस्थाले निवेदन सहित देहायको कागजात सहित नगर प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

१. नागरिकताको फोटोकपि

२. आर्थिक सहायता माग गर्नुको कारण निवेदनमा खुलाउने

३. सम्बन्धित वडा कार्यालयको सिफारिस

४. उपचारको लागि आर्थिक सहायता मांग गर्दा अस्पतालको पुर्जी

(२) उपदफा (१) बमोजिम पेश भएका निवेदनमा आवश्यक छानविन गर्दा आर्थिक सहायता पाउन योग्य व्यक्तिलाई दफा ३, ४, ५, ६ र ७ मा उल्लेख भए बमोजिमको रकम उपलब्ध गराउन सकिनेछ ।

३. गम्भिर प्रकृतिका विरामीलाई आर्थिक सहायता : (१) दफा (२)को उपदफा (१) बमोजिम निवेदन दिएका व्यक्ति मध्ये दिर्घरोग लागेका (मृगौला, मुटु, फोक्सो, कलेजो, मस्तिष्कघात, क्यान्सर लगायतका गम्भिर प्रकृतिका विरामी) व्यक्तिलाई नगर प्रमुखको निर्णय बमोजिम विरामीको अवस्थाको आधारमा रु.५०००।- देखि रु.१०,०००।- सम्म आर्थिक सहायता बापतको रकम उपलब्ध गराउन सकिनेछ । आर्थिक सहायता रामधुनी नगरपालिकामा स्थायी बसोवास भएको नागरिकहरुलाई मात्र दिइनेछ ।

(२)अन्य स्थानका नागरिक रामधुनी नगरपालिकामा आई बेखर्ची भएको भनी बेखर्ची नागरिकले निवेदन दिएमा अवस्था हेरी सम्बन्धित ठाँउमा पुग्नको लागि भाडा वापत नगर प्रमुखबाट निर्णय गराई रु.२,०००।- सम्म आर्थिक सहायता दिन सकिनेछ ।

४. घरेलु हिंसा पिडितलाई दिइने सहायता : (१) विभिन्न कारणले घरेलु हिंसामा परेका बालबालिका, महिला तथा जेष्ठ नागरिकहरुलाई नगर प्रमुखको निर्णय अनुसार रु. ५०००।- देखि रु.१०,०००।– सम्म आर्थिक सहायता दिन सकिनेछ ।

(२) यस दफा बमोजिमका पिडितलाई न्याय दिलाउन एवं पुर्नस्थापनका लागि न्यायिक समिति मार्फत आवश्यक पहल गरिनेछ ।

CamScanner

(३) अदालतबाट फैसला भई हिंसा पिडितलाई आर्थिक सहायता उपलब्ध गराउन नगरपालिका मा लेखि आएमा सो बमोजिमको आर्थिक सहायता नगरपालिकाले उपलब्ध गराउनु पर्नेछ।

५. आर्थिक रुपले विपन्न सुत्केरी महिला, जेष्ठ नागरिक तथा असहाय अति विपन्न बालबालिका लगायका व्यक्तिलाई नगर प्रमुखको निर्णय अनुसार रु.५०००।- देखि रु.१०,०००।- सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

६. संस्थागत रुपमा दिने आर्थिक सहायता : (१) सामाजिक तथा सांस्कृतिक विकास, उत्थान र प्रवर्द्धनमा लागेका संस्थाहरुलाई नगरपालिकाले आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ। यस्ता संस्थाहरुले आर्थिक सहायता माग गर्दा देहायको कागजात सहित निवेदन दिनुपर्नेछ।

(क) आर्थिक सहायता मांग गर्नुपर्ने कारण (आर्थिक सहायताबाट गर्नुपर्ने कामको विवरण )

(ख) संस्थागत निर्णय

(ग) संस्था दर्ता,नविकरणको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि

(घ)संस्था रहेको वडा कार्यालयको सिफारिस

उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर छानबिन गर्दा उपयुक्त देखेमा नगर प्रमुखले रु.५०००।– देखि रु.१०,०००|- सम्म आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

(२) संस्थागत आर्थिक सहायता जुन कामको लागि मांग गरेको हो सो काममा मात्र खर्च गर्नुपर्नेछ| संस्था संचालन, साधारण सभा, कर्मचारी व्यवस्थापन आदिका लागि आर्थिक सहायता उपलब्ध गराइने छैन।

(३) आर्थिक सहायता प्राप्त संस्थाले काम सम्पन्न पश्चात बिल, भरपाई सहितको प्रतिवेदन अनिवार्य रुपमा नगरपालिकामा पेश गर्नुपर्नेछ।

७. जेष्ठ नागरिकलाई सहायता : (१) दलित, पिछडिएको वर्ग र अल्पसंख्यक जेष्ठ विपन्न नागरिकको हकमा ६० वर्ष उमेर पुगेका एकल वा वेवास्तामा परेका नागरीकलाई नगर प्रमखको निर्णय अनुसार रु.५०००।- सम्मको रकम आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ।

८. वडा कार्यालयले यस कार्यविधिको दफा ३,४,५,६ र ७ मा उल्लेखित विषयहरुमा आफ्नो सोहि शिर्षकमा विनियोजित बजेटको सिमाभित्र रही रु.५०००|- सम्म आर्थिक सहायता उपलब्ध गराउन सक्नेछ।

९. यस परिच्छेदमा उल्लेख भएको आर्थिक सहायता भन्दा बढी वा अन्य विषयमा आर्थिक सहायता उपलब्ध गराउनु पर्ने भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

## परिच्छेद – ३

## विविध

१०. अधिकार प्रत्यायोजन गर्न सकिने : (१) यस कार्यविधि अनुसार आर्थिक सहायता सम्बन्धि अधिकार नगर कार्यपालिका र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

११. आकस्मिक कोष : (१) यस कार्यविधि अनुसार उपलब्ध गराइने आर्थिक सहायताका लागि एक आकस्मिक कोषको स्थापना गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमको रकम जम्मा गरिनेछ।

(क) नगरपालिका र अन्तगतका कार्यलयमा कार्यरत कर्मचारीहरुको प्रति वर्ष प्रति दिन बराबरको रकम कट्टा गरी कट्टा हुन आउने रकम र पदाधिकारीको हकमा प्रति महिना एक दिनका दर रकम कट्टी गरी हुन आउने रकम।

(ख) संघिय सरकार, प्रदेश सरकार, स्थानीय सरकारबाट आकस्मिक कोषका लागि प्राप्त अनुदान।

(ग) सरकारी तथा गैर सरकारी संघ संस्थाबाट आकस्मिककार्य (आर्थिक सहायता, प्रकोप पिडित राहत ) को लागि प्राप्त सहयोग वा अनुदान।

(घ) आर्थिक सहायताका लागि प्राप्त जुनसुकै रकम

(३) उपदफा (१) बमोजिमको कोषको संञ्चालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) उपदफा (१) बमोजिमको आकस्मिककोष सम्बन्धि अन्य व्यवस्था नगरकार्यपालिकाले तोके बमोजिम हुनेछ।

(५) उपदफा(१) बमोजिमको कोष स्थापना नभए सम्म नगरपालिकामा विनियोजित रकमबाट आर्थिक सहायता प्रदान गर्न सकिनेछ।

१२. आर्थिक सहयोगको सिमा र समयावधि : (१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएता पनि विषेश परिस्थीति बाहेक आर्थिक सहायता उपलब्ध गराउदा रु.५०,०००।- भन्दा बढि रकम उपलब्ध गराइने छैन ।

(२) यस कार्य विधिमा जुनसुकै कुरा लेखिएता पनि एक पटक आर्थिक सहायता पाएको व्यक्तिलाई १ वर्ष भित्र सोही विषयमा पुनः आर्थिक सहायता दिइने छैन ।

१३. बाधा अड्काउ : (१) यस कार्यविधि कार्यन्वयनमा कुनै बाधा अड्काउ आएमा नगर कार्यपालिकाले निर्णय गरि बाधा अडचन फुकाउन सक्नेछ ।

१४.बचाउ : यो कार्यविधि जारि हुनु पुर्व नगर कार्यपालिकाको निर्णय बमोजिम उपलब्ध गराईएका आर्थिक सहायता यसै कार्यविधि बमोजिम उपलब्ध गराईएको मानिनेछ ।

.............................................

जय प्रकाश चौधरी

नगर प्रमुख

रामधुनी नगरपालिका

प्रमाणीकरण मिति : २०७८/०८/२७